हाल सरकारी कारोवार गरिरहेका बैकहरु बाहेक **थप बाणिज्य बैंकहरुलाई सरकारी कारोवार गर्न स्वीकृति प्रदान गर्ने वारेमा** मिति २०६९/३/१४ मा निम्न अनुसारको कार्यविधि स्वीकृत भै कार्यान्वयन समेत भएको व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कुनै निश्चित स्थानमा सरकारी कारोवारका लागि बैंक/काउन्टर सञ्चालन गर्दा सेवा पुऱ्याउन सकिने करदाता संख्या तथा औसत कारोवार रकम समेतको विश्लेषण गरी संक्षिप्त रुपमा तयार गरिएको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सम्वन्धित बैकले सरकारी कारोवार गर्ने स्वीकृति पाउनका लागि माग गरेको निवेदन साथ पेश गर्नु पर्ने । नेपाल राष्ट्र बैंकले सरकारी कारोवार सञ्चालनका लागि विना कमिशन कारोवार गर्न इच्छुक बाणिज्य बैंकहरुलाई प्राथमिकता दिने भएकाले सरकारी कारोवार सञ्चालनको विश्वसनीयता तथा दिगोपनाका लागि समेत यस्तो पुर्व सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने ।

२. थप बाणिज्य बैकहरुलाई सरकारी कारोवार गर्न स्वीकृति दिंदा कुनै पनि कमिशन वा अन्य खर्च उपलव्ध गराउन उपयुक्त नदेखिएकोले कुनै पनि कमिशन वा अन्य खर्च दावी नगर्ने गरी सरकारी कारोवार गर्न स्वीकृति माग गर्ने बाणिज्य बैकलाई मात्र सरकारी कारोवार सञ्चालन गर्न स्वीकृति दिने ।

३. मुलुक भित्र एकै स्थानमा मात्र कार्यालय रहेको बैंकलाई सरकारी कारोवार सञ्चालनको अनुमति दिंदा अन्य स्थानमा सरकारी कारोवार सञ्चालन गर्न अन्य बैंकहरुको खोजी गर्नुपर्ने अवस्था आउन सक्ने भएकोले कम्तिमा पनि देशका १० (दश) जिल्लाहरुमा शाखा सञ्जाल (Branch Network) रहेको बैंकलाई सरकारी कारोवार गर्ने स्वीकृति दिन प्राथमिकता दिने ।

४. सरकारी कारोवारको तथ्याङ्क सहीरुपमा समयमा नै उपलव्ध नभएमा सरकारको खर्च र आयको वास्तविक स्थिति जानकारी नभई सरकारको कार्यदिशा नै अस्पष्ट हुन जाने भएकोले सरकारी कारोवारको तथ्याङ्क सही रुपमा उचित समयमा प्राप्त गर्नका लागि कुनै एक बाणिज्य बैंकको एक वा एकभन्दा बढी शाखाहरुबाट सरकारी कारोवार सञ्चालन भएमा सम्बन्धित बैंकको केन्द्रीय कार्यालयले निर्धारित ढाँचामा एकीकृत प्रतिवेदन नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयको केन्द्रीय लेखा फाँट लगायत अन्य सम्वन्धित निकायहरुमा उपलब्ध गराउनु पर्ने ।

५. एकै स्थानमा एकभन्दा बढी बाणिज्य बैंकहरुलाई सरकारी कारोवारको स्वीकृति दिन आवश्यक नपर्ने भएकोले पहिले नै सरकारी कारोवार गरिरहेको बाणिज्य बैंक रहेको ईलाका भित्र थप सरकारी कारोवारको लागि बाणिज्य बैंक/शाखाको आवश्यकता पर्न गएको खण्डमा सो इलाकामा सरकारी कारोवार सञ्चालन गरिरहेकै बाणिज्य बैंकलाई प्राथमिकता दिने । यदि सो बैंकले सरकारी कारोवार सञ्चालन गरी सेवा पुऱ्याउन असमर्थ हुने देखिएमा अर्को बाणिज्य बैंकलाई सरकारी कारोवारको लागि अनुमति दिने । साथै, अन्य स्थानमा समेत सरकारी कारोवार गर्न स्वीकृति दिंदा नेपाल सरकारले दुर्गम जिल्ला भनी तोकेका जिल्लाहरुमा सरकारी कारोवार गरिरहेका बाणिज्य बैंकहरुलाई नै कारोवार गर्न चाहेमा प्राथमिकता दिने ।

६. नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी ५ बर्ष पुरा भै सकेको **"क बर्ग"** को बाणिज्य बैंकलाई सरकारी कारोवार सञ्चालन गर्न स्वीकृति प्रदान गर्न उपयुक्त हुने ।

७. विगत ३ बर्ष भित्र प्रचलित ऐन, कानुन तथा जारी नीति निर्देशनहरु पालना नगरेको भनी नेपाल राष्ट्र बैंकबाट कारवाहीमा नपरेको बाणिज्य बैंकलाई मात्र सरकारी कारोवार सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने ।

८. कुनै स्थानमा सरकारी कारोवार गर्न अनुमतिका लागि कुनै बाणिज्य बैंकबाट निवेदन प्राप्त भएमा वा सरकारी कारोवारका लागि बैंक शाखाको आवश्यकता परेको खण्डमा सो स्थानमा सञ्चालित सरकारी कार्यालयसंग समन्वय गर्दै महालेखा नियन्त्रक कार्यालयबाट आवश्यक राय/परामर्श समेत लिई सोको आधारमा सरकारी कारोवार गर्न स्वीकृति दिने/नदिने प्रकृया अवलम्वन गर्ने ।

९. सरकारी कारोवार सञ्चालन गर्ने बैंकले दैनिक प्रतिवेदन पेश गर्न वा नेपाल राष्ट्र बैंकसंग हिसाब मिलान गर्न तोकिएको अवधिमा प्रतिवेदन पेश नगरेमा वा हिसाब मिलान नगरेमा नेपाल राष्ट्र बैंकले खुद लिनुपर्ने राजश्व रकममा रकम जम्मा भएको मितिबाटै सम्बन्धित बैंकले कर्जा लगानीमा लिने उच्चतम व्याज दरले हर्जाना व्याज लिन सकिने । यस व्यवस्थाबाट केन्द्रीय लेखा फाँटमा तोकिएको अवधिभित्रै Reporting गर्न सम्वन्धित वैकलाई दवाव सिर्जना हुन गै हिसाब मिलान गर्न प्रतिवेदन प्राप्त हुन जाने भएकोले सरकारी कारोवारको यथार्थ अवस्था समयमै तयार गर्न सहज हुने ।